# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ५, संख्याः ३३, चैत्र २२ गते, २०७८ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

# व्यास नगरपालिका साझेदारी विकास कोष सञ्चालन कार्यविधि, २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।१२।२२

**प्रस्तावनाः** व्यास नगरपालिकामा विगत २० वर्षभन्दा अगाडिबाट नगरवासीलाई सामाजिक एवं आर्थिक विकासका विभिन्न कियाकलापहरुमा सहभागी गराउन र शहरी गरिबी न्यूनीकरणका लागि आवश्यक सहुलियत ऋण तथा बिऊ पूँजी नगरपालिकाको सहकारी तथा साझेदारी विकास उपशाखा मार्फत टोल विकास संस्थाहरुलाई उपलब्ध गराउदै आइरहेकोमा नगरपालिकाका १४ वटै वडाका टोल विकास संस्थाहरुको भेलाबाट गठित **गाउँ नगर साझेदारी बचत तथा ऋण सहकारी**मा आवद्ध संस्थालाई साझेदारी विकास कोषमा रहेको रकमलाई ऋण स्वरुप उपलब्ध गराउन वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले प्रदान गरेको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " व्यास नगरपालिका साझेदारी विकास कोष सञ्चालन कार्यविधि,२०७८" रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उपशाखा" भन्नाले नगरपालिका अर्न्तगतका कृषि/पशु तथा सहकारी साझेदारी उपशाखालाई सम्झनु पर्छ ।

(ख) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले नगरपालिकाको साझेदारी विकास कोष सम्झनु पर्छ ।

(घ) "जरिवाना" भन्नाले साझेदारी विकास कोषको रकम सम्झौता बमोजिम समयमा भुक्तान गर्न नसकेमा लाग्ने थप रकम सम्झनु पर्छ ।

(ङ) "प्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(छ) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(ज) "नगर कार्यपालिका" भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(झ) "ब्याज" भन्नाले साझेदारी विकास कोषको रकम ऋण प्रवाह गर्दा प्राप्त साँवा वाहेकको रकम सम्झनु पर्छ ।

(ञ) "व्यवसाय" भन्नाले सहकारी संस्थाका सदस्यहरुले आय आर्जनका लागि गर्ने व्यवसाय सम्झनु पर्छ ।

(ट) "सहकारी" भन्नाले नगरपालिकाको १४ बटै वडाका टोल विकास संस्थाहरुद्वारा गठन भएको "गाउँ नगर साझेदारी बचत तथा ऋण सहकारी संस्था" सम्झनु पर्छ ।

(ठ) "साझेदारी विकास समिति" भन्नाले नगरपालिकाको साझेदारी विकास कोष सञ्चालन समिति सम्झनु पर्छ ।

## परिच्छेद २
## उद्देश्य र क्षेत्र

३. **उद्देश्य:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय सरकारले आफ्ना नागरिकहरुलाई आर्थिक उन्नतिका लागि वित्तीय कारोवार गर्नका लागि सहजीकरण गर्ने एवं गरिबी न्यूनीकरणका लागि नागरिकहरुलाई सहुलियत ऋण तथा अनुदानको सहज व्यवस्था गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ । यसै सर्न्दभमा विगत २० वर्ष देखिनै सञ्चालन हुँदै आएको नगरपालिकाको साझेदारी विकास कोषले सहरी गरिबीहरुका लागि आयमूलक स्वरोजगार सृर्जना गर्न टोल विकास संस्थाका पदाधिकारी लगायत टोल विकास संस्थाहरुद्वारा गठन भएको गाउँ नगर साझेदारी बचत तथा ऋण सहकारी संस्थालाई सहुलियत ऋण प्रदान गर्नका लागि यो कार्यविधिको प्रमुख उद्देश्य रहेको छ ।

४. **कोषबाट ऋण उपलब्ध गराइने क्षेत्र:** साझेदारी कोषबाट ऋण उपलब्ध गराउँदा देहायका क्षेत्रहरुमा गराइनेछः

(क) **कृषि तथा पशुपंक्षी पालन एव खरिद बिक्री:** कृषि तर्फ सामुहिक वा एकल रुपमा तरकारी खेती, फलफूल खेती र माछा पालन तथा खरिद बिक्री व्यवसाय सञ्चालन गरी व्यवसायिक रुपमा गर्दै आएका टोल विकास संस्थाका सदस्यहरुलाई सहकारी संस्थाले सहकारीको नीति नियम भित्र रही ऋण लगानी गर्ने गरी साझेदारी विकास कोषबाट एकमुष्ठ ऋण उपलब्ध गराउन सकिने छ ।

(ख) **स-साना घरेलु उद्योग तथा व्यापार व्यवसाय:** सहकारीका सदस्यहरुले तालिम प्राप्त गरी घरेलु हस्तकला लगायत अन्य व्यवसाय जस्तैः ऊनी झोला, मुढा निर्माण, अगरबत्ती उद्योग, मैनबत्ती उद्योग, दालमोठ, भुजिया तथा अचार उद्योग जस्ता स्थानीय कच्चा माल सामानबाट उत्पादित उद्योग तथा नगर क्षेत्र भित्र स-साना होटल व्यवसाय, किराना पसल, इलेक्ट्रोनिक एवं मोवाइल मर्मत पसल, स-साना कस्मेटिक पसल जस्ता व्यवसाय, तरकारी, फलफूल पसल, माछा मासु पसल सञ्चालन गरेको वा गर्नका लागि सहकारीमा निवेदन दिएमा सहकारी संस्थाले ऋण लगानी गर्न सक्नेछ जसका लागि साझेदारी विकास कोषबाट सहकारी संस्थालाई एकमुष्ठ ऋण लगानी गर्न सकिने छ ।

## परिच्छेद ३

## सहुलियत ऋण उपलब्ध गराउने सिमा तथा आवश्यक कागजपत्र सम्बन्धी व्यवस्था

### ५. कोषको ऋण लगानीको सिमा:

(क) टोल विकास संस्थाबाट गठित सहकारी संस्थाले आफ्ना सदस्यहरुले ऋण माग गर्नेको नामावली सम्बन्धित टोल विकास संस्थाको सिफारिस सहित सहकारी तथा साझेदारी शाखामा सहकारी संस्थाको कार्य समितिको निर्णय सहित फाइल पेश गर्नु पर्नेछ ।

(ख) सहकारी संस्थाले आफ्ना सदस्यहरुका लागि ऋण माग गर्दा दलित, जनजाति र गरिब तथा पिछाडिएका वर्ग र क्षेत्रमा प्राथमिकता दिई ऋण माग गर्नु पर्नेछ ।

(ग) सहकारी संस्थाको माग बमोजिम बढीमा रु.१० लाखसम्म एकमुष्ठ ऋण लगानी गर्न सक्नेछ ।

(घ) साझेदारी विकास समितिको निर्णय बमोजिम सहकारी तथा साझेदारी उपशाखाले गाउँ नगर बचत तथा ऋण सहकारी संस्थाको बैंक खातामा रकम जम्मा गर्ने व्यवस्था गर्नेछ ।

### ६. ऋण प्राप्त गर्नका लागि आवश्यक कागज पत्रहरु

(क) सहकारी संस्थाको कार्य समितिको निर्णय र निवेदन ।

(ख) ऋण लगानी गर्ने सदस्यहरुको नामावली, व्यवसाय र ऋण रकमको विवरण ।
(ग) ऋण लगानीको स्रोत धितो रोक्का वा सम्बन्धित टोल विकास संस्था जमानी रहेको निर्णय प्रतिलिपि
(घ) सहकारीका अध्यक्ष, सचिव र कोषध्यक्षको एक/एक प्रति फोटो र सहकारी संस्थाको प्रमाण पत्रको प्रतिलिपी ।
(ङ) ऋण तिर्ने तालिका सहितको विवरण ।

## परिच्छेद ४
## ऋणको व्याज दर, हर्जना तथा जरिवानाका शर्त सम्बन्धी व्यवस्था

**७. सहुलियत ऋणको ब्याज दरः**

(क) साझेदारी विकास कोष समितिको सञ्चित रकम मध्ये सहकारी संस्थाले माग गरे बमोजिम पहिलो पटक बढीमा रु.१० लाख रकम ऋण स्वरुप उपलब्ध गराइने छ र यसरी लगानी भएको रकम घुम्ती कोषका आधारमा फिर्ता भएमा पुनः थप ऋण प्रवाह गर्न सकिने छ ।

(ख) साझेदारी विकास कोषबाट प्रवाह हुने ऋण रकमको व्याज दर कायम गर्दा सम्बन्धित सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई लगानी गर्ने ब्याज दरको बढीमा ६ प्रतिशत भन्दा कम नहुने गरी कोषबाट ऋण लगानी गरिने छ ।

(ग) नगरपालिका साझेदारी विकास समितिले हाल टोल विकास संस्थाहरुलाई सहुलियत रुपमा ऋण लगानी गर्दै आएको वार्षिक व्याज दर १५ प्रतिशत हुँदै आएकोमा कोषको वृद्धि दरलाई कायम गर्नका लागि टोल विकास संस्थाहरुलाई दिदै आएको ३ प्रतिशत छुट ब्याजमा सहकारी संस्थालाई ऋण लगानी गर्दा थप ३ प्रतिशत ब्याज दर कायम गर्न सकिने छ ।

(घ) सहकारी संस्थाले ऋण असुली गर्दा वार्षिक बढीमा ३ किस्ता र कम्तिमा २ किस्तामा सम्झौतामा उल्लेखित साँवा ब्याज साझेदारी विकास कोषमा जम्मा गर्नु पर्नेछ ।

**८. लगानी पश्चात साँवाब्याज असुलीः**

(क) नगरपालिका साझेदारी विकास कोष र गाउँ नगर बचत तथा ऋण सहकारी संस्था बिच भएको सम्झौता बमोजिम तोकिएको समयमा साँवाब्याज भुक्तानी नगरेमा देहाय बमोजिम जरिवाना लाग्ने छ ।

(१) म्याद नाघेको ६ महिना सम्म १ प्रतिशत जरिवाना लाग्ने छ ।

(२) म्याद नाघेको ६ महिना पश्चात प्रति वर्ष थप १ प्रतिशतका दरले जरिवाना लाग्ने छ ।

## परिच्छेद ५
## समिति सम्बन्धी व्यवस्था

**९. साझेदारी कोष सञ्चालन समितिः** (१) सहकारी संस्थाको माग बमोजिम ऋण लगानी तथा असुली लगायतका व्यवस्थापन गर्नका लागि साझेदारी विकास कोष

सञ्चालन समितिमा बढिमा नौ सदस्य रहेको देहाय बमोजिमका पदाधिकारी रहने छन्:

(क) प्रमुख -अध्यक्ष

(ख) उपप्रमुख- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) कार्यपालिका सदस्यहरु मध्ये १ महिला सहित २ जना - सदस्य

(ङ) नगरपालिकाको कृषि, पशु तथा सहकारी विकास शाखा प्रमुख - सदस्य

(च) नगरपालिकाको लेखा शाखा प्रमुख - सदस्य

(छ) नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखा प्रमुख - सदस्य

(ज) सहकारी संस्थाको अध्यक्ष वा प्रतिनिधि - सदस्य

(ज) नगरपालिकाको सहकारी तथा साझेदारी विकास उपशाखा प्रमुख - सदस्य सचिव

(२) आवश्यकता अनुसार अन्य व्यक्ति वा संस्थाका पदाधिकारीहरुलाई बिशेष आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिने छ ।

## परिच्छेद ६
## विविध

**१०. खारेजी र बचाउः**

(क) विगतमा साझेदारी विकास कोषबाट भएका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

(ख) यस कार्यविधिको बचाउ तथा खारेजी व्यास नगरपालिका साझेदारी विकास कोषको सिफारिसमा नगर कार्यपालिकाद्वारा गरिने छ ।

(ग) यस कार्यविधिमा कुनै हेरफेर तथा थपघट गर्नुपरेमा नगर कार्यपालिकाद्वारा थपघट सम्बन्धी संशोधन गर्ने प्रस्ताव सहित संशोधन गर्न सकिने छ ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत